प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोनः ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१०/११

## कोशेली घर संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत औद्योगिक प्रवर्द्धनतर्फ स्थानीय उत्पादनहरुको स्थानीय स्तरमै बजारीकरण गर्ने उद्देश्यले कोशेली घर संचालनका लागि रु.३,००,०००/- (तीन लाख) विनियोजन भएको हुँदा सो रकमबाट उक्त कार्यका लागि घरभाडा र फर्निचरहरुको खरिदमा खर्च गर्न सकिने भएकाले कोशेली घर संचालन गर्न इच्छुक सहकारी/संस्थाहरुले सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र तपशिलका कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

- ✓ सहकारी वा संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
- ✓ स्थायी लेखा नं. (PAN) दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
- ✓ गत आ.व. को कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
- ✓ प्राविधिक लागत अनुमान ।
- ✓ निवेदन दस्तुर वापत रु. १०० जम्मा गरेको रसिद।

द्रष्टव्यः

- कोशेली घरमा स्वदेशी पर्यटकीय वस्तु तथा स्थानीय कृषक तथा उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बिक्री वितरण गर्नुपर्नेछ।
- कोशेली घरमा आवश्यक फर्निचरको व्यवस्था गर्नुपर्नेछ।
- कोशेली घर सिस्ने गा.पा. वडा नं. ६ छिप्रिदह स्थित सबैको पहुँच हुने स्थानमा हुनुपर्नेछ।
- थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०८८-४१३११३ मा सम्पर्क गर्नुहोला ।

२०७७/१०/११

तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)